बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
प्रदेश नं. २, नेपाल

046-540310
046-540257

पत्र संख्याः-

चलानी नम्वर :-

## विषय :-खोला तथा पोखरी ठेक्का बन्दोवस्त सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७६/०५/०५)

उपरोक्त विषयमा यस कार्यालयको मिति २०७६/०५/०४ गतेको निर्णय अनुसार आन्तरिक श्रोत व्यवस्थापन गर्न आ.व.२०७६/०७७ को लागि तपशिलमा उल्लेखित खोला तथा पोखरीको माछा ठेका शिलबन्दी दरभाऊ पत्रद्वारा लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपशिलमा उल्लेखित शर्तहरु वमोजिम यो सूचना प्रकाशीत भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तपसिल मा उल्लेखित दस्तुर बुझाई दरभाउपत्र खरीद गरी आफुले कबोल गरेको दर रेट भरी सिलवन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशीत गरीएको छ ।

**शर्तहरु :-**

१. दरभाउपत्र साथ ठेक्का लिने व्याक्ति फर्म/संस्था ले इजाजत प्रमाण पत्रको प्रतिलिपि, पा नं./भ्याट नं. को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व.०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

२. दरभाउपत्र फारम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिन दिनको ५:०० बजेसम्म यस कार्यालयबाट खरिद गरी १६(सोह्र) औं दिन दिनको १२ :०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । उक्त दरभाउपत्र विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा सोही दिन दिनको २:०० वजे यस कार्यालयमा खोलिने छ । तर ठेकेदार प्रतिनिधि नआए पनि उक्त सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम ने.वै.लि. बरहथवा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. १४००३०००००००००३०००००२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

४. एक फर्म वा व्यक्तीबाट खरिद भएको बोलपत्र अर्को व्यक्ती वा फर्मले प्रयोग गर्न सक्ने छैन ।

५. दरभाउपत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलीपल्ट उल्लेखित कार्य गरिने छ ।

७. दरभाउपत्र स्विकृत गर्ने-नगर्ने सम्पुर्ण अधिकार यस कार्यलयमा निहित रहने छ ।

८. ठेक्का स्वीकृत भए पछी कबोल गरेको सबै रकम एकमुष्ठ नगद यस कार्यालयको बैंक खाता मा बुझाई भौचर यस कार्यालयमा पेस गर्नु पर्ने छ । ठेक्का सम्झौता बमोजिमको रकम वर्ष भरीको एकमुष्ट बुझाउनेहरुलाई १०%छुट दिइने छ ।

९. ठेक्का अवधी २०७६/०७७ देखी ०७८/०७९ को आषाढ मशान्त सम्म ३ (तिन) वर्षको लागि हुने छ ।

१०. सरकारी, पेश्की, वेरुजु बाँकी रहेको व्यक्ती वा फर्म लाई ठेक्का दिइने छैन ।

११. यस सम्बन्धी अन्य कुराहरु प्रचलित आर्थिक ऐन-नियमावली बमोजीम हुने छ र थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

| सि.नं. | बोलपत्र नं. | ठेकाको बिवरण | अवधि | न्युनतम ठेक्का रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | १७ | वडा नं.१० को गुलरिया मन, माछा ठेक्का | ३ (वर्ष) | १,२०,०००।- | १,०००/- |
| २. | २२. | वडा नं.१० को कटानी पोखरी माछा ठेका | ३ (वर्ष) | ३,००,०००।- | १,०००/- |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत